स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



संविधान दिवसको विदा पारेर आगामी असोज ३ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'खुस्मा' यतिबेला 'रुकुम मैकोट' गीतका कारण चर्चामा छ। १२ दिनमा युट्युबमा लगभग ३० लाखले गीत हेरिसकेका छन् भने यसमा सयौंको संख्यामा टिकटक र रिल्सहरु बनेका छन्। सेलिब्रेटीहरुले समेत यो गीतमा भिडियो बनाइरहेका छ। जसले गर्दा फिल्मको नसोचेको हिसाबले हाइप बनेको छ। यही गीतका कारण फिल्मको विदेशमा समेत माग बढ्न थालेको छ।

**आजको विचार...**



अजय सुवेदी

संघीय...

(दुई पेजमा)



शुक्रबारदेखि दुई नयाँ नेपाली फिल्म 'रावायण' र 'देवी' प्रदर्शनमा आएका छन्। यी दुवै फिल्म फ्राइडे रिलिजको परम्परा धान्दै देशभर एकअर्कासँग भिड्न तयार भएका हुन्। 'रावायण' प्रेमकथामा बनेको फिल्म हो, भने 'देवी'मा बलात्कार पीडितको कथालाई विषय बनाइएको छ। दुवै फिल्मले राम्रो व्यवसाय गर्ने अपेक्षा निर्माण युनिटको छ। सुदर्शन थापा निर्देशित फिल्म 'रावायण' सुदर्शन थापा प्रोडक्शन र पूजा शर्मा प्रोडक्शनको संयुक्त व्यानरमा निर्माण भएको हो।

❒ वर्ष ३० ❒ अंक ५४ ❒ २०८१ भदौ २३ गते आइतबार 8 September 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# 'साक्षर नेपाल' घोषणा, १६ वर्षदेखि निरन्तरता

## अझै भएन पूर्ण, १३ जिल्ला साक्षर घोषणा हुन बाँकी

**रामचन्द्र रायमाझी** —

पाल्पा, भदौ २२/नेपाल सरकारले आफ्नो हरेक नीति तथा कार्यक्रममा वर्षेनी 'साक्षर नेपाल' घोषणा गर्ने प्राथमिकताका साथ भन्दै आएको १६ वर्ष भयो तर 'साक्षर नेपाल' अझै घोषणा गर्न सकेको छैन । २०६५ देखि नै मुलुकलाई दुई वर्षभित्र साक्षर नेपाल घोषणा गरिने भन्दै शिक्षा मन्त्रालयले साक्षर नेपाल अभियान नै चलाउँदै आएको छ । तर, त्यो दुई वर्ष कहिले आउने हो, कुनै अत्तोपत्तो छैन । दुई वर्ष अघि पनि सरकारले २०८०/८१ भित्र नेपाललाई साक्षर घोषणा गर्ने भनेको थियो । तर अहिले पनि अझै १३ जिल्ला साक्षर हुन बाँकी नै छन् ।

प्रत्येक सरकारले आफ्नो नीति तथा कार्यक्रममा साक्षर नेपाल घोषणा गर्ने नीति प्राथमिकताका साथ राखे पनि त्यो प्रभावकारी भने देखिएको छैन । नेपालले २००७ सालदेखि नै साक्षरताका लागि प्रयास गरेको तथ्यांक छ । साक्षर अभियान कार्यक्रमकै लागि सरकारले सो अवधिमा अर्बौं रकम खर्च



गरिसकेको छ तर, अझै सम्म त्यसले पूर्णता पाउन सकेको छैन् । हाल नेपालमा ६४ वटा जिल्ला साक्षर घोषणा गरिसकिएका छन् ।

काठमाडौंमा आयोजित ५८ औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको बारेमा जानकारी दिने उद्देश्यले आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै शिक्षा तथा मानव स्रोत विकास केन्द्र प्रवक्ता वसन्त कोइरालालले अझै १३ जिल्ला साक्षर घोषण गर्न बाँकी रहेको बताएका थिए । उनका अनुसार ती जिल्लाहरू साक्षर घोषणाको तयारीमा रहेका छन् । बागमती, गण्डकी र कोशी बाहेकका प्रदेशहरू समेत साक्षर घोषणा हुन बाँकी छन् । घोषणा हुन बाँकीमा मधेस प्रदेशका सबै जिल्लाहरू सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा रहेका छन् । त्यस्तै कर्णाली प्रदेशका मुगु जुम्ला, हुम्ला, कालिकोट र डोल्पा रहेका छन् ।१५( ६० वर्ष उमेर समूहको साक्षरता प्रतिशत ८५ प्रतिशत पुगेको केन्द्रले जनाएको छ ।

सरकारले पछिल्ला केही वर्ष यता धमाधम साक्षर जिल्लाहरू घोषणा गर्ने होडबाजी गरे पनि साक्षर घोषणा गरिएका जिल्लामा नागरिकले अझै नाम लेखन नजानेको समाचारसमेत सार्वजनिक हुने गरेका छन् ।

**पूर्णसाक्षर जिल्ला पाल्पामा छैन यकिन तथ्यांक :** पाल्पालाई २०७१ असारमा नेपालकै दोस्रो पूर्ण साक्षर जिल्ला घोषण गरिएको थियो । तत्कालीन उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकासमन्त्री प्रकाशमान सिंहले एक समारोहकाबिच पाल्पालाई पूर्ण साक्षर जिल्ला घोषणा गरेका थिए । त्यति बेला १५ देखि ६० वर्ष उमेर समूहका १ लाख ७० हजार ६ सय ३५ जनसंख्या रहेको पाल्पामा १ लाख ६९ हजार ८ सय ३९ जना साक्षर थिए । तर अहिले यसको यकिन तथ्यांक कतै पाइँदैन ।

**आज अन्तर्राष्ट्रिय साक्षरता दिवस**

आज अन्तर्राष्ट्रिय साक्षरता दिवस नेपालसहित विश्वभर मनाइँदैछ । नेपालमा 'बहुभाषिक शिक्षाको प्रवर्द्धन : पारस्परिक समझ र शान्तिको लागि साक्षरता' भन्ने मूल नारासँगै आज देशभर ५८ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउन लागिएको हो । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)को आह्वानमा सन् १९६७ देखि विश्वभर यो दिवस मनाइँदै आइएको हो ।

## संक्षिप्त समाचार

### बसको ठक्करबाट हजुर आमा र नातीको मृत्यु

**मध्यविन्दु (नवलपरासी),** भदौ २२/ नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा बसको ठक्करबाट हजुरआमा र नातीको मृत्यु भएको छ । पूर्व( पश्चिम राजमार्गअन्तर्गत बर्दघाट सुस्तापूर्वको गैंडाकोट नगरपालिका( १० भैसाखोरीमा कावासोतीतर्फ जाँदै गरेको ना ७ ख २५२५ नम्बरको बसले शुक्रबार राति सात वर्षीय बालक विशाल श्रेष्ठ र बालककी हजुरआमा श्रीमाया मानन्धरलाई ठक्कर दिएको थियो ।

बसको ठक्करबाट गैंडाकोट(११ का सात वर्षीय विशाल श्रेष्ठको घटनास्थलमा मृत्यु भएको थियो । बालककी मामाघरकी हजुरआमा स्याङ्जाकी ५५ वर्षीय श्रीमाया मानन्धर गम्भीर घाइते भएकी थिइन् । घाइते श्रीमायाको उपचारका क्रममा पुरानो मेडिकल कलेज भरतपुरमा शुक्रबारराति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रहरी नायब उपरीक्षक वेदबहादुर पौडेलले बताए । प्रहरीका अनुसार ठक्कर दिने सवारीसाधन र चालक प्रहरी नियन्त्रण छन् ।

-रासस

## सुशासन प्रवर्द्धन गरौं

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार,अनियमितता विरुद्ध शुन्य सहनशीलता बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खवरदारी गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## आज ऋषि पञ्चमी, सप्तऋषिको पूजा गरी मनाइँदै

**पाल्पा,** भदौ २२/ भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषि पञ्चमी आज नेपाली नारीहरूले सप्तऋर्षिको पूजा आराधना गरी मनाउँदै छन् । महिलाले आज बिहानै उठेर स्नान गरी हरितालिकाको व्रत समापनका लागि गोदान, पूर्णपात्रलगायत धार्मिक कृत्य गरी नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३६५ वटा दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो र खरानी लगाई स्नान गरी पञ्चमी गर्न लागेका हुन् । हरितालिका (तिज)को व्रत एवं पूजा आजा महिला पुरुष दुवैले गर्ने शास्त्रीय वचन रहे पनि ऋषि पञ्चमी भने महिलाका लागि मात्र गर्नुपर्ने शास्त्रीय वर्णन रहेको छ ।

रजस्वलाका समयमा छाई छुईलगायत कुनै त्रुटि भएको भए ऋषि पञ्चमीको दिन अरुन्धतीसहित सप्त




ऋषिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास छ । नारीलाई रजस्वलाको प्रथम दिन चाण्डाल्नी, दोस्रो दिन ब्रह्मघातिनी, तेस्रो दिन धोबिनी र चौथो दिन स्नान गरी शुद्ध हुन्छिन् भन्ने विश्वास गरिन्छ ।यसैकारण आजको दिन दत्तिउन,गाईको गोबर, माटो र खरानी प्रयोग गरी स्नान गरेर पञ्चगव्य सेवन गर्नाले छुवाछुतको दोष निवारण हुन्छ भन्ने शास्त्रीय वचन छ । यसरी स्नान गरेपछि अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गर्ने गरिन्छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## ऋषि पञ्चमीको महत्व

नेपाली हिन्दु महिलाहरुले तिजको दोस्रो दिन व्रत बसी तेस्रो दिन आज ऋषिपञ्चमीको पूजा गर्दैछन् । यसदिन बिहान सबेरै नजिकको नदी, खोला पोखरी वा तलाउमा गई ३ सय ६५ वटा दत्तिवन चपाउने, तल्लो अंगमा माटोको लेपन लगाउने र नुहाइधुवाइ गरी शुद्ध भई देवालय, सार्वजनिक स्थल वा कसैको घरआँगनमा जम्मा भई पण्डित राखी सप्तर्षि–पत्नी अरुन्धतीसहित सप्तर्षि (कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ) को पूजा गर्ने गर्दछन् । यो पूजा गर्नाले रजस्वला भएको बेलामा कसैसँग छोइएको भए त्यो पापबाट मुक्त भइने विश्वास गरिन्छ ।

ऋषिपञ्चमीको आफ्नै किसिमको धार्मिक तथा सांस्कृतिक रुपमा महत्वपूर्ण स्थान छ । यसको साथसाथै वैदिक सनातन हिन्दू संस्कारको वैज्ञानिक चाडपर्वमध्ये ऋषिपञ्चमी पनि एक हो । मूलतः हिन्दू संस्कारअनुसार महिलाहरूका लागि तिज तथा हरितालिकाको जति महत्व छ, त्यति नै महत्व ऋषिपञ्चमीको पनि छ । पौराणिक कथनअनुसार नारीहरू रजस्वला हुँदा जानेर वा नजानीकनै गरिएका जति पनि पापकर्म छन्, तीबाट मुक्ति पाउनका लागि यसको व्रत गर्दछन् । काम, क्रोध, लोभ र मोहबाट मुक्त भई सफा र सात्विक भोजन गर्ने, झुटो नबोल्ने, आफ्ना पतिहरुसितको सहवास पनि केवल कामवासनाका लागि जनावरहरूले जस्तो नगरी ठीक समयमा सोच–विचार गरेरमात्र गर्ने, अन्यथा खराब प्रवृत्तिका बच्चा जन्मिन्छन् भन्ने मान्यता रहेको छ । रजोवती अर्थात् पन्छिएको बेलामा सहवास भयो भने गर्भ नै तुहिन्छ र आमालाई शारीरिक रूपमा अवस्थामा खतरा हुन्छ । यस्ता यावत कुराहरुबाट मुक्त हुनका लागि ऋषि पञ्मीको पूजा गर्ने गरिएको हो । हामी यिनै ऋषिमुनिका सन्तान हौं । जसलाई हामीहरू भुलेर यत्रतत्र भट्किएका छौं । उनै दिव्य ऋषिहरूको पथको अनुशरण गर्न वा तिनीहरूले बताएको बाटो हिँड्ने प्रण गर्ने दिन ऋषिपञ्चमी हो । पूर्वज ऋषिहरुजस्तै वीर, शक्तिशाली र दीर्घजीवी बन्न सकौं भन्ने हो । ऋषिहरूको पथ अनुशरण गरी हामी संसारका सर्वश्रेष्ठ व्यक्ति बन्ने प्रयास गर्नुपर्छ । ऋषिपञ्चमीले हाम्रो दैनिक व्यवहार यस दिन गरिने क्रियाकलापजस्तो हुनुपर्छ भन्ने सन्देश दिएको छ । हामीलाई ऋषिहरूले आफ्नो जीवनमा उतारेर सत्य विचार गरेपछि मात्र मन्त्रको रूपमा दिएको ज्ञान हो यो । तसर्थ, संयमी जीवन बिताउन ऋषिपञ्चमीले सन्देश दिएको छ । सप्तऋषिहरूको पूजाको आफ्नो ठाउँमा महत्व त छँदैछ, त्यसको सबभन्दा महत्वपूर्ण भनेको ऋषिहरूको पथमा चल्नु या अब म यो बाटो छोड्ने छैन म ऋषिहरूको जस्तो दीर्घजीवी, शान्त र आनन्दको बाटो लिनेछु भनी प्रण गर्नु हो ।

### Opinion @ Social Network

यदि गन्तव्य नै फरक छ भने ,
चौतारीमा सङ्गै थकाइ मार्नुको के अर्थ ।

*विकास बस्नेतकोफेसबुक स्टाटसबाट https://www.facebook.comBikash .Basnetl)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संघीय कर्मचारीको पेवाजस्तो निजामती सेवा दिवस



अजय सुवेदी

*नेपालको वर्तमान संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह गरी ७६१ वटा सरकार रहेका छन् । तीनवटै तहका सरकारमा छुट्टाछुट्टै कर्मचारीतन्त्र रहने प्रावधान छ । तर अहिले मनाइने निजामती सेवा दिवस केवल संघीय निजामती सेवाका कर्मचारीको पेवाजस्तो बनेको छ ।*

निजामती सेवाको अर्थ हुन्छ, 'नेपाल सरकारको सैनिक र प्रहरी सेवाबाहेक सबै मन्त्रालय र सबै विभाग अन्तर्गतको सेवाह नेपाल सरकारका जंगीबाहेकका प्रशासकीय विभिन्न शाद्रा–प्रशाद्रा सम्बन्धित सेवा' (प्रज्ञा प्रतिष्ठानको शब्दकोश) ।

**सामान्यत :** निजामती सेवा भनेको आफ्ना कर्मचारीमार्फत सरकारले जनतालाई दिने सेवा हो । यस्तो सेवा दिन विशिष्ट ज्ञान सीप भएका गैरराजनीतिक कर्मचारी आवश्यक हुन्छ, जो द्रुला आन्तरिक प्रतिस्पर्धाबाट छानिएर आएका हुन्छन् । राज्य सञ्चालनको मुद्मय अभिकर्ताका रूपमा हुने निजामती सेवाको अवधारणा राज्यको उत्पत्तिसँगै भएको मानिन्छ । प्रारम्भमा निजामती सेवा र सैनिक सेवाबिच द्रासै भेद थिएन तर आधुनिक लोकतान्त्रिक शासन प्रणालीमा निजामती सेवा र सैनिक सेवालाई पृथक् बनाइएको छ । नेपालमा पनि राणाकालीन समयमा निजामती सेवा र सैनिक सेवाबिच कुनै लक्ष्मणरेद्रा थिएन । राणाकालीन निजामती सेवाले जातीय कर्मचारीको मान्यता बोकेको पाइन्छ । राणाकालमा कर्मचारीको छनोट शासकको स्वविवेकमा हुने गर्थ्यो । प्रजातन्त्रको स्थापना भएसँगै मोहनशमशेर जबराको नेतृत्वमा नेपाली काग्रेस सम्मिलित १० सदस्यीय अन्तरिम सरकार गठन भयो । केन्द्रीय स्तरमा मन्त्रालय र विभाग गठन हुन थाले । निजामती सेवाको जग बसाल्नका लागि राणामन्त्रीहरूले सैनिक सेवाबाट वरिष्ठ अधिकारीलाई तानेर मन्त्रालयको सचिव नियुक्ति गरे भने नेपाली काग्रेसका मन्त्रीले विश्वविद्यालयका प्राध्यापकलाई मन्त्रालयको सचिवमा नियुक्त गरे । अन्य कर्मचारीको छनोट तथा नियुक्तिका लागि विभागीय प्रमुद्रलाई जिम्मेवारी दिइयो । यहीँबाट नेपालमा निजामती सेवाको प्रारम्भिक जग बसेको मानिन्छ । टंकप्रसाद आचार्यको प्रधानमन्त्रीकालमा निजामती सेवा ऐन, २०१३ जारी भयो । यसअघि निजामती सेवालाई सैनिक सेवाबाट पृथक् गरिएको थिएन, साथै निजामती सेवाले संवैधानिक र कानुनी मान्यता पाएको थिएन, यस्तो अवस्थामा आएको ऐन निजामती सेवाको विकासका लागि एउटा माइलस्टोन बन्न पुग्यो । निजामती सेवा ऐन जारी भएको दिन ( २०१३ भदौ २२) को सम्झनामा सरकारले २०६१ सालदेद्रि निजामती सेवा दिवस मनाउन थालेको हो । निजामती सेवाको ६८ वर्षको अवधिमा विभिन्न आरोह–अवरोह पार गर्दै आएको यथार्थलाई यहाँनेर भुल्नु हुँदैन । यसरी संस्थागत हुँदै आएको निजामती सेवालाई पहिलो प्रहार २०१७ सालको महेन्द्रको कुबाटै सुरु भयो । २०१८ सालमा कैयौं बहालवाला सचिवलाई सेवाबाट हटाइयो, कतिपय कर्मचारीको जागिर द्रोसियो । लोकसेवा आयोगलाई नै निलम्बन गर्ने कार्य गरियो । व्यापक रूपमा राजनीतिक पजनीमा नियुक्ति गरियो ।

**यसपालि सरकारले 'व्यावसायिक र सिर्जनशील प्रशासन :** विकास, समृद्धि र सुशासन' नाराका साथ २१औं निजामती सेवा दिवस मनाउँदै छ । यसका लागि मूल समारोह समिति गठन भएको छ । उक्त समितिले विभिन्न कार्यक्रम गर्ने भनिएको छ । कर्मचारीको ठुलो हिस्सा रहेको प्रदेश र स्थानीय तहमा भने यस दिवस मनाउने विषयमा कुनै सरगर्मी देद्रिएको छैन । प्रजातन्त्र, निर्दलीय पञ्चायत, सुधारिएको पञ्चायत, बहुदल, गणतन्त्र र संघीयता सबै शासन प्रणालीमा कर्मचारीतन्त्र सजिलै अनुकूलित भएको देद्रिन्छ । २०५९ देद्रि २०७४ सालमा स्थानीय निकायको चुनाव हुन सकेन । स्थानीय निकाय जनप्रतिनिधिविहीन हुन पुगे । मुलुक गृहयुद्धबाट गुज्रिएको र संवैधानिक संकटका कारण नेपालको राजनीति जर्जर हुँदै गइरहेको अवस्थामा निजामती सेवाले गाउँ–गाउँमा बसेर सरकारको उपस्थिति देद्राएको थियो । विश्वमा कतिपय मुलुकमा द्वन्द्वको अवस्थामा स्थानीय निकायको उपस्थिति नै शून्य देद्रिन्छ, तर नेपालमा निजामती सेवाका कारण त्यसो हुन पाएन । ०७२ को विनाशकारी भूकम्पमा गाउँगाउँमा तथ्याङ्क संकलन गर्नदेद्रि सरकारले उपलब्ध गराउने राहत वितरण गर्न गाविस सचिवका रूपमा निजामती सेवाका कर्मचारी नै द्रटिएका थिए ।

**आलोचना :** निजामती सेवा अहिले चौतर्फी घेराबन्दीमा परेको छ भन्दा उपयुक्त होला । नागरिक समाजको उदय, उदारीकरण, द्रुला बजार, विश्वव्यापीकरण, सूचना प्रविधि र यातायात क्षेत्रमा आएको अभुतपूर्व परिवर्तन आएको छ । परम्परागत मूल्य–मान्यता असान्दर्भिक भएको आजको अवस्थामा कर्मचारीतन्त्रले परम्परागत मोह राद्मन नछाड्दा आलोचना हुँदै आएको छ । यसमा नेपालको कर्मचारीतन्त्र पनि अछुतो छैन । कर्मचारीमा प्रविधिमैत्री हिसाबले चल्न नसक्ने 'इनर्सिया'ले काम गरेको देद्रिन्छ । सेवा प्रवाह परिमाणमुद्रीभन्दा पनि प्रक्रियामुद्री रहेको देद्रिन्छ । नवप्रवर्द्धन अनुसार सेवा र वस्तुको उत्पादन र वितरण गर्ने कार्यमा निजामती सेवा चुक्दै आएको छ । सिर्जनात्मक हुनुपर्नेमा अकर्मण्य हुँदा समग्र संगठनको उत्पादकत्व कमजोर हुँदै गएको छ । कर्मचारीको अर्को रोग भनेको काममा लजाउनी सुविधामा रमाउनी रहेको छ । कार्यालयका जिन्सी सामग्री सरुवा हुँदा बरबुझारथ गर्नुपर्नेमा सो नगर्ने, आवासमा चाहिने सामग्री किन्दा पनि बिल बढाएर कमिसन द्रानेजस्ता अनुचित कार्य समेत कार्यालय प्रमुद्रले देद्राउँदै आएका छन् । निजामती सेवामा सबैभन्दा विकृत पक्ष भनेको ट्रेड युनियनको दादागिरी हो । ट्रेड युनियनका कारण आज कार्यालय प्रमुद्र निरीह बन्न पुगेका छन् । दलरूपी ट्रेड युनियनको एउटा सामान्य कार्यकर्ताले सचिवलाई समेत सरुवा गरिदिन सक्छ । ट्रेड युनियन सरुवा–बढुवामा बढी चलद्रेल गर्ने र त्यसबाट मोटो रकम असुली गर्ने गरेको समाचार आएको पाइन्छ । ट्रेड युनियनको दादागिरी यतिसम्म देद्रियो कि उनीहरूले सचिवमाथि हातपात समेत गरेका समाचार आएका छन् ।

**सङ्कुचित दायरा :** नेपालको वर्तमान सविधान अनुसार संघ, प्रदेश र स्थानीय तह गरी ७६१ वटा सरकार रहेका छन् । तीनवटै तहका सरकारमा छुट्टाछुट्टै कर्मचारीतन्त्र रहने प्रावधान छ । तर अहिले मनाइने निजामती सेवा दिवस केवल संघीय निजामती सेवाका कर्मचारीको पेवाजस्तो बनेको छ । प्रदेश र स्थानीय तहका निजामती सेवाका कर्मचारीले विगतका वर्षमा दिवसलाई सांगठिक रूपमा बहिष्कार गरेका थिए । प्रदेश र स्थानीय तहका कर्मचारीको भनाइ छ– संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा कामकाजमा आउने संघीय कर्मचारीले आफूहरुलाई कर्मचारीभन्दा पनि दास र नोकरको व्यवहार गर्छन् । यस्तै गैरसैनिक सेवालाई षड्यन्त्रपूर्वक निजामती सेवाको परिभाषाभित्र नराद्रेको उनीहरुको भनाइ छ ।

**विवादित पुरस्कार :** निजामती सेवा दिवसको अवसरका संघीय सरकारले दिवस मनाउन मूल समारोह नै बनाएको हुन्छ । त्यस अवसरका विभिन्न गोष्ठी, वृक्षारोपण, सरसफाइ, प्रभातफेरी जस्ता कार्यक्रम गर्न सरकारलाई भ्याइनभ्याइ हुन्छ । यस दिन एकजना निजामती सेवाका कर्मचारीलाई सर्वोत्कृष्ट निजामती पुरस्कार, १० जनालाई उत्कृष्ट पुरस्कार र ३० जनालाई निजामती पुरस्कार वितरण गरिन्छ । तर उक्त पुरस्कार सिंहदरबारमा वर्षौंसम्म रहेका वा काठमाडौं बस्ने पहुँचवालालाई वितरण गरिन्छ । दुर्गममा बसेर दशकौंसम्म सेवा गरेकाह निष्ठा, इमानदारिता र नैतिकता भएका कर्मचारीले यो पुरस्कार पाउँदनन् । निजामती पुरस्कार प्राप्त गर्नका लागि उनीहरूको योग्यता नै अयोग्यता हुँदै आएको छ । २०७३ सालपछि सरकारले निजामती सेवाभित्र उत्कृष्ट कर्मचारी नै पाउन सकेको छैन । विगतमा उक्त पुरस्कार प्राप्त गर्ने कर्मचारी नै विवादमा फसेकाले सरकार नै यो पुरस्कारका लागि कर्मचारी द्रोज्न हच्केको हो भन्ने शंका छ । निजामती सेवाका दिन पुरस्कार प्राप्त गर्ने कर्मचारी नै भ्रष्टाचार र अनियमिततामा फसेका दृष्टान्त पनि छन् । यसबाट सरकारले गर्ने कर्मचारीको मूल्याङ्कन प्रणाली नै गलत भएको संकेत गर्छ ।

**सेवा प्रवाह :** नेपालमा निजामती सेवाको सुरुवात जनताको सेवाका लागि भन्दा पनि शासक वर्गको स्वार्थ पूरा गर्न र नागरिकलाई शासन गर्नका लागि ल्याइएको अवधारणा थियो । जनताले पटकपटक गर्दै आएका सैर्ष र आन्दोलन तथा क्रान्तिका कारण देशमा प्रजातन्त्र, लोकतन्त्र र संघीयतासहितको गणतन्त्र बहाली हुँदा समेत निजामती सेवाको शासकीय शैली परिवर्तन भएको देद्रिँदैन । जनताको करबाट नुनको सोझो गर्नुपर्ने भएपछि जनता र राष्ट्रप्रतिको उत्तरदायित्व वहन गर्नका लागि तत्पर हुनुपर्ने कर्मचारी आज कुहिरोको कागझैं भएका देद्रिन्छन् । निजामती सेवा दिवसमा सेवा प्रवाहलाई जनमुद्री, परिमाणमुद्री, पारदर्शी, उत्तरदायी बनाउने पक्षमा सार्थक बहस हुँदैन । यो त संघीय कर्मचारीको एउटा रमाइलो गर्ने वनभोजजस्तो देद्रिन्छ । निजामती सेवा दिवसका दिन सेवा प्रवाह नै रोकेर बस्न जरुरी देद्रिँदैन ।

**राजनीतीकरण :** नेपालको निजामती सेवा केन्द्रबाट विस्तार भई प्रदेश हुँदै स्थानीय स्तरसम्म पुगेको छ । यसमा राजनीतीकरणको रोग अचाक्ली लागेको छ । बहुसंगठनरूपी ट्रेड युनियन राजनीतिक दलका भ्रातृ संगठनका रूपमा प्रकट भएका छन् । विशुद्ध पेसागत हितका काममा संलग्न हुनुपर्ने ट्रेड युनियन सरुवा–बढुवामा संलग्न भई कमाउधन्दामा लागेको देद्रिन्छ । सरकार परिवर्तन भएसँगै सचिव र सहसचिव स्तरका कर्मचारीको व्यापक सरुवा हुने गर्छ । सत्तारुढ दलले कर्मचारीलाई आस्थाका आधारमा भकुन्डो बनाउने गरेका छन् । कर्मचारी पनि आफैं राजनीतिकर्मीको संरक्षण द्रोज्ने प्रवृत्ति हाबी छ । नीति–निर्माण राजनीतिको तर यसको कार्यान्वयन कर्मचारीतन्त्र हो भन्ने गरिन्छ, तर व्यवहारमा राजनीतिज्ञहरू कार्यान्वयन तहमा रमाउने र नीति निर्माण कर्मचारीको हातमा छाडिदिने अभ्यास सुरु भएको देद्रिन्छ । मन्त्रीहरूको सचिवालयमा अनावश्यक सल्लाहकारको समूह द्रडा गर्नु निजामती कर्मचारीप्रतिको अविश्वास रहेको देद्राउँछ ।

**साझा दिवस कसरी बनाउने ?**

निजामती सेवा दिवसलाई संघ, प्रदेश तथा स्थानीय तहका सबै राष्ट्रसेवक कर्मचारीको साझा दिवसका रूपमा मनाउनु राम्रो हुन्छ । निजामती सेवा भनेको सरकार र जनतालाई जोड्ने सेतु भएकाले यसले प्रवाह गर्ने सेवा पारदर्शी, प्रभावकारी, जनमुद्री र उत्तरदायी हुनुपर्छ । उर्लंदो जनआंकाक्षा बमोजिम र समयसापेक्ष रूपमा यसले आफूलाई निद्रार्दै लैजानुपर्छ । समावेशीको सिद्धान्तलाई आत्मसात गरी विविधतायुक्त नेपालको झल्को सिगे निजामती सेवामा देद्रिनुपर्छ, तर अहिलेजस्तो समावेशी र समानुपातिक सिद्धान्तको नाउँमा तरमारा वर्गको हालीमुहालीलाई रोक्न जरुरी देद्रिन्छ । सरकारले तय गरेका नारामा उल्लिद्रित पाँच शब्द (व्यावसायिक, सिर्जनशील, विकास, समृद्धि र सुशासन)लाई कत्तिको आत्मसात् गरियो भन्ने विषय स्वमूल्याङ्कन गरेमा पनि यस दिवसको सार्थकता रहने छ । संविधान जारी भएको १० वर्षसम्म गिजोलिएको संघीय निजामती सेवा ऐन जारी गरी प्रशासनमा देद्रिएको पीडादायी सङ्क्रमणकाल अन्त्य गर्नुपर्छ । स्थायी सत्ता मानिने निजामती सेवा संघीय संरचनामा जान आनाकानी गरेको छ । यस्तो प्रवृत्तिमाथि राजनीतिक नेतृत्त्वको रचनात्मक हस्तक्षेप जरुरी छ ।

*–रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिन प्रभाकारी हुनेछ । | **तुला** : आज सामान हराउने वा चोरी हुने सम्भावना छ । |
| **वृष** : पुरानो समस्या सुल्झाउन सकिने छ । सन्तान सुख पनि मिल्नसक्छ । | **वृश्चिक** : आज अँटेको र ताकेको कार्य पुरा होला । दैनिक कार्यमा प्रगति हुनेछ । |
| **मिथुन** : अनावश्यक ठाउँमा खर्च होला। वैदेशिक क्षेत्र कमजोर रहनेछ । | **धनु** : आज काम गर्ने जोश जाँगर र उमङ्ग बढ्नेछ । |
| **कर्कट** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । | **मकर** : कीर्तिमानी काम गर्ने समय छ ।चलाखी पूर्ण बोलीले काम बन्ला । |
| **सिंह** : दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । | **कुम्भ** : साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । मनमा उत्साह हुनेछ । |
| **कन्या** : टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ । | **मीन** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । |

**कृषि**

# तरकारी बेचेर जीविकोपार्जन गर्दै महिला



कृषि पेसामा संलग्न थारू महिला तरकारी बेचेर जीविकोपार्जन गरिरहेका छन् । दाङ लमही नगरपालिका-४ घुम्नाकी दुखराजी चौधरी दैनिक तरकारी बिक्री गर्न लमही बजार पुग्ने गर्छिन् । आठ कठ्ठा जमिनमा खेती गरेकी दुखराजी बारीमा उत्पादन भएका तरकारीको भारी बोकेर बिक्री गर्न लमही बजार आउने गरेको अनुभव सुनाईन् । उनले बारीमा फलेका तरकारी बजारमा बिक्री गर्न दौंतरीसँग बिहान ५ बजे गाउँबाट निस्कने गरेको बताईन् । 'लमही बजार पुग्दासम्म खाना पकाउने बेला भइसकेको हुन्छ । त्यही मौका छोपेर बजारका टोलटोल घुमेर तरकारी बिक्री गर्ने गर्दछौँ । तरकारी बिक्रीबाट भएको आम्दानीले बजारबाट घर जाँदा आवश्यक सामग्री खरिद गरेर फर्किन्छु । कृषि पेसा र तरकारी बिक्रीबाट जीविकोपार्जन भइरहेको छ', उनले भनिन्। बजारका घरघरमा पुगेर तरकारी बेच्दा दु:ख हुने अनुभव सुनाउँदै दुखराजीले स्वरोजगार बनेर आम्दानी भएकाले आर्थिक अभाव भने नरहेको उनको भनाइ छ । 'घर र अन्य दैनिकी सञ्चालनका लागि तरकारी बेचेर आम्दानी भइरहेको छ । काम गर्दा दु:ख भए पनि आर्थिक अभाव भएको छैन', उनले भनिन् । उनि जस्तै लमही-३ मजगाउँ निवासी ५३ वर्षीया कैलासपति चौधरी पनि तरकारी बिक्री गर्न दैनिक लमही बजार आउन्छन् । तरकारी बिक्री गरेर जीविकोपार्जन गर्दै आएकी उनले भनिन्, 'तरकारी बिक्री गरेर घरखर्च जुटाउनुपर्छ, टाढा भए पनि तरकारी बेच्न सधैँ लमही आउँछु ।' मौसमअनुसार उत्पादन भएका तरकारीसँगै आर्थिक आम्दानी गर्ने उद्देश्यले यहाँका महिला बजारसम्म आउने गरेका छन् । यसरी दैनिक तरकारी बिक्रीबाट रु छ सयदेखि रु एक हजार पाँच सयसम्म आम्दानी हुने गरेको कैलासपतिले जानकारी दिईन् । बजारमा तरकारी डुलाएर बेच्दा राम्रो मूल्य पाइने मजगाउँ निवासी शारदाकुमारी चौधरीले बताईन् । व्यापारीलाई दिँदा मूल्य कम पाइने भएकाले आफैँले तरकारी बोकेर बजार पुऱ्याउने गरेको उनको भनाइ छ । 'बजारमा आफैँ गएर बिक्री गर्दा आम्दानी राम्रो हुन्छ, तरकारीखेतीमा लागेको मेहनत र मूल्य पनि उठ्छ', उनले भनिन् । तरकारी बिक्रीबाट घरखर्चसँगै छोराछोरीको पढाइ खर्च जुटाउने गरेको शारदाकुमारीले बताईन् । तरकारी बिक्री गर्ने निश्चित र वस्थित ठाउँ भएमा व्यावसायिक तरकारी बिक्री गर्ने महिलालाई सहज हुने उनले उल्लेख गरीन् । 'बजारमा डुलेर तरकारी बिक्री गर्दा घाम, पानी, जाडो भन्न पाइँदैन । व्यवस्थित हाट वा तरकारी बिक्री स्थल भएमा घरघर डुल्ने झन्झट अन्त्य हुने थियो । स्थानीय सरकारले किसानलाई प्रोत्साहन गर्न पनि कृषि उपजको सहज बजारीकरणमा सहयोग गर्नु आवश्यक छ', शारदाकुमारीले भनिन् । छ कठ्ठा खेतमा तरकारीखेती गरेको भन्दै उनले उत्पादन भएको कृषिउपज आफैँ बजारसम्म लगेर बिक्री गर्दै आएको बताईन् । तरकारीबाट भएको आम्दानीले जीविकोपार्जन गर्न सहज भएको उनको भनाइ छ । उनिहरु मात्र होइन, बजार आसपासमा रहेका धेरै महिला दैनिकजसो तरकारी बिक्रीका लागि बजारसम्म आउने गर्छन् । तरकारी बिक्री गरेर आम्दानी भएको रकमले घर व्यवहार चलाउँदै आएको उनिहरुले बताए ।

***-रासस***

# च्याउमा आत्मनिर्भर बनाउन व्यावसायिक उत्पादन सुरु



चितवन जिल्लाको कालिका नगरपालिका-२ पदमपुरमा च्याउ खेतीमा आत्मनिर्भर बनाउने उद्देश्यले व्यावसायिक उत्पादन सुरु गरिएको छ । यहाँ १२ वटा वातावरण अनुकूलित टनेलमार्फत डल्ले च्याउको व्यावसायिक उत्पादन सुरु गरिएको हो । कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले शुक्रबार व्यावसायिक डल्ले च्याउको उत्पादन शुभारम्भ गर्दै पालिकासँगै मुलुकलाई च्याउमा आत्मनिर्भर बनाउने उद्देश्यले वातावरण अनुकूल टनेल निर्माण गरी उत्पादन सुरु गरिएको बताए । नगरपालिकाले कृषक र कृषि क्षेत्रको प्रवर्द्धन गर्न विभिन्न अनुदान, प्राविधिक, कृषि उपकरणलगायत सहयोग गरिरहेको उनले जानकारी दिए । नगरप्रमुख रेग्मीले यहाँको उत्पादन मुलुकका उनले सहरमा पुग्ने भएकाले यसलाई थप व्यावसायिक हुँदै उत्पादनमा केन्द्रित योजनाअनुरूप वातावरण अनुकूल टनेल निर्माण गरिएको बताए । उनका अनुसार रेन्स्की एग्रो फार्मले डल्ले च्याउ उत्पादन थालेको हो । यसअघि यहाँ पाते च्याउ उत्पादन हुँदै आएको थियो । फार्मका सञ्चालक कमल शर्मा सुवेदीले एउटा टनेल १० टन कम्पोस्टको क्षमताको भएको बताउँदै यसबाट १८ देउिनले २० प्रतिशत च्याउ उत्पादन हुने जानकारी दिए । 'निर्मित १२ वटा टनेलमा ६५ दिनमा करिब २४ हजार किलो च्याउ उत्पादन हुने अनुमान गरेका छौँ । एक वर्षमा छ पटकसम्म उत्पादन गर्न सकिने भएकाले गर्मी मौसमका लागि यो प्रभावकारी मानिएको छ', उनले भने । प्रतिकिलो रु चार सयमा डल्ले च्याउ बिक्री हुन्छ । यहाँ उत्पादित ७० प्रतिशत च्याउ चितवनको बजारका साथै काठमाडौँ र मकवानपुरमा बिक्री हुने गर्दछ । गर्मी मौसम भएकाले वातावरण अनुकूलित टनेलमा च्याउ उत्पादन गरिएको हो । सुवेदीको भनाइ अनुसार तापक्रम मिलाउन 'एयर हेण्डलिङ युनिट' जडान गरिएको छ ।'एउटा टनेल निर्माण गर्न १९ लाख हाराहारी गरेको छ भने प्रतिकिलो ३२ को कम्पोष्ट मल प्रयोग गरिँदै आइएको छ', उनले भने । फार्मले विसं २०७९ पुसदेखिनले च्याउ उत्पादन थालेको हो । सुरुमा पाते च्याउ उत्पादन गरिकोमा अहिले डल्ले च्याउको उत्पादन थालिएको सञ्चालक सुवेदीले बताए । यसअघि एक सय पाँच टनेलमार्फत पातेच्याउ उत्पादन हुँदै आएको थियो । यो च्याउ चितवन, काठमाडौँ हुँदै मुस्ताङसम्म पुग्दछ । मुलुकमा पहिले डल्ले च्याउ बाहिरबाट आउने गरेकामा अहिले यहाँको उत्पादनले धानेको सुवेदीले जानकारी दिए । नेपालमा यो बाहेक १० वटा फार्मबाट डल्ले च्याउ उत्पादन हुँदै आएको छ । ***-रासस***

# सरकारी जागिरसँगै फस्टाएको किवी खेती



दिनभरी कार्यालयको काम विहान वेलुका निकालेको फुर्सदको समय सदुपयोगले खुशी दिलाएको छ । गरे के हुदैन ! भन्ने नेपाली उखानलाई बालकुमार खनालले आफ्नो व्यवहारमा उतारेका छन् । सरकारी पोषाक लगाएर दिनभरी कार्यालयमा काम गर्ने खनाल अरु भन्दा फरक छन् । विहान वेलुकाको समय कट्टु र भेष्ट लगाएर खेत बारीमै ब्यस्त हुन्छन् । बिरुवा हुर्कीसकेर लटरम्म फलेका किवी, ड्रागनफ्रुट हुर्किँदै गरेका कागती, सुन्तला, एबोकाडो, बुद्धचित्तलगायतका बिरुवाको हेरचाहमै समय बितेको छ । साबिक नारायणस्थान गाउँविकास समिति वडा नं ४, हाल सिद्धिचरण नगरपालिका वडा नं ३ स्थित आफ्नै जग्गामा फलफुल खेती गरेका छन् । ७ वर्षदेखि शुरु भरेको फलफुल खेतीले अहिले भने मनग्य आम्दानी दिन थालेको छ । विहान वेलुका खटेर गरिएको फलफुल खेतीले मनग्य आम्दानी दिन थालेपछि बालकुमार खनाल निक्कै खुशी छन् । सिजनअनुसार अहिले ड्रागनफ्रुट र किवीमा राम्रो फल लागेको छ । करिब १२ रोपनी भन्दा बढी जग्गामा फलफुल लगाएका छन् । यो भन्दा अगाडी व्यावसायिक रुपमा पशुपालन पनि गरेका थिए । अहिले भने बाखापालन र फलफुल खेतीमात्र गरेका छन् । उनलाई श्रीमतीले सहयोग गरिरहेकी छन् । उनि नेपाल सरकारको कर्मचारी हुन् । जिल्ला खेलकुद विकास समिति ओखलढुंगाको कार्यालय प्रमुख भएर काम गरिरहेका छन् । घरबाट करिब आधा घण्टा मोटरसाइकल यात्रामा कार्यालय पुग्न सकिन्छ । कार्यालयको समय सकिएपछि कतै नअलमलिई घरमा पुग्छन् र खेतबारीमै आफ्नो समय खर्च गर्छन् । हेर्दा पनि गरेजस्तै भएको छ, यतिखेर लटरम्म फलेको किवी र ड्रागनफ्रुटले जो कोहिको पनि मन लोभ्याउने गरेको छ । किवीको छहारी (माच) मुनी बसेर हेर्ने हो भने रहरलाग्दो गरी किवी फलमात्र देखिन्छन् । 'कोदो मकैको खेती गर्न नसकेर र आफुलाई फलफुल खेती पहिला देखि नै मन पर्ने भएकाले फलफुल खेती शुरु गरेको हुँ ',उनले भने । कोदो मकैको खेती गर्न समयमा मान्छे नपाउने समस्या उनलाई मात्रै होइन पहाडी जिल्लाका सबै किसानको समस्या भएको छ । युवाजति सबै रोजगारीका लागि विदेशतिर, गाउँमा भएका थोरै मानिसले आफ्नो घरायसी काम गर्न नै भ्याउदैनन् । कोदो मकैको खेती गर्न धेरै समय र बल खर्च गर्नुपर्ने हुन्छ । तर गाउँमा काम गर्ने मान्छेको अभावमा धेरैको जग्गा बाँजो रहेको छ । कोदो मकैको खेती गर्न काम गर्ने मान्छे नपाउने र आफुले मात्रै गर्न नभ्याउने भएकाले फलफुल खेती शुरु गरिएको खनालले बतए । रेडकिवी, हेवार्ड, एलीशन, ब्रुनो जातका किवी लगाका छन् । रेडकिवी अली छिटो पाक्छ भने अरु जातका किवी अलि ढिलो पाक्ने गरेको छ । रेडकिवीमा बाहिरी भुस हुदैन भने अन्य जातको किवी फलमा बाहिर भुस हुने र भित्री भागमा हरियो हुनेहुन्छ । किवी फल वर्षमा एकपटक मात्र फल दिने गर्छ भने ड्रागनफुडले वर्षमा ६ लडसम्म फल दिने गरेको छ । सुरुसुरुमा उत्पादन भएको फल बिक्री नहुँदा दिक्क लागेको तर अहिले भने बिक्रीमा समस्या नरहेको उनले बताए । स्थानिय बजार, विराटनगर, काठमाडौंलगायतका बजारहरुमा बिक्री भईरहेको छ ।

फल दिन थालेको शुरु शुरु वर्षमा चाहिँ विक्री नभएर रक्सी बनाउनेलाई पनि दिन परेको थियो । तर अहिले भने नबिक्ला की भनेर चिन्ता लिनु पर्ने छैन । सबै ठाउँमा किवीलगायतका फलफुल खेती गर्ने भएकोले उचित मुल्य पाउन मुस्किल छ । तर पनि कम मुल्यमै भएपनि खेर फाल्नु नपरेको बताए । १८ लाख भन्दा बढी लगानी फसाई सक्नु भएका खनालले गुनासो गर्दै भने,- 'नजानेर बढी खर्च गरेको रहेछु पछिमात्र थाहा भयो आवश्यक्ता भन्दा बढी चिजमा खर्च भएछ । अहिले फ्रुटृलाईले धेरै दुख दिएको छ, रेडकिवीमा फ्रुटृलाईले बढी दु:ख दिदो रहेछ । जति औषधी प्रयोग गरेपनि यसलाई नियन्त्रण गर्न सकिएन । अरु फलफुलमा नियन्त्रण भयो तर किवीमा भने नियन्त्रण हुन सकेन ।' उत्पादन गर्नुअगाडी बजारको अध्ययन गरेर मात्रै उत्पादन शुरु गर्न उनको सुझाव छ । शुरुका दिनमा उत्पादनले बजार पाउन निकै कठिन भएको साथै बजार खोज्नलाई निकै समस्या भएको उनले बताए । व्यावसायिक खेती गर्नको लागि पहिले बजारको सुनिश्चित्ता गरेर मात्रै उत्पादन शुरु गर्न अन्य कृषकलाई उनको सुझाव छ । किसानले उत्पादन गरेका वस्तुलाई बजारसम्म पुऱ्याई विक्रीवितरण गर्न राज्यले सहयोग गर्नुपर्ने उनको धारणा छ । किसानले उत्पादन गरेर हचुवाको भरमा बेच्नु पर्दा मुल्य नपाउने, फाइदा लिनुपर्ने ठाउँमा घाटा खाएर बेच्नु पर्ने बाध्यता छ । उत्पादन गरेका वस्तु उचित मुल्यमा बिक्री गर्नका लागि राज्यले चिस्यानकेन्द्रको व्यस्था गर्नुपर्दछ । चिस्यानकेन्द्रमा राख्न सक्ने व्यवस्था हुने हो भने विक्री नभएका बेला चिस्यानकेन्द्रमा राखेर खटाई खटाई बेच्न सकिन्थ्यो । तर अहिले अरुकै मुल्यमा बिक्री गर्न बाध्य छौँ । त्यसै कट्वाएर फाल्नु भन्दा थोरै भए पनि हुन्छ भन्ने आशाले सामान्य मुल्यमा पनि बिक्री गर्न बाध्य भएको गुनासो छ ।***-इहिमालय टाइम्स डटकम***

# जुम्लामा उच्च घनत्वको स्याउखेती बढ्दो



जुम्लामा उच्च घनत्वको स्याउको व्यावसायिक खेती बढेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जुम्लाले गुठीचौर गाउँपालिका-३ मा रहेको चार हेक्टर क्षेत्रफलमा विस्तार भएको हिमाली टि एण्ड एन रिर्सच प्रालि र गुठीचौर-५ मा पाँच हेक्टर क्षेत्रफलमा रहेको गुठीचौर एग्रो फर्मलाई आर्थिक तथा प्राविधिक सहयोगमा उच्च घनत्वको स्याउखेती परियोजना कार्यान्वयन इकाइ जुम्लाका निमित्त वरिष्ठ कृषि अधिकृत खेमराज शाहीले जानकारी दिए । जिल्लामै पहिलो पटक व्यावसायिक स्याउखेती भएको हो । चक्लाबन्दी मोडेलमा उच्च घनत्वको स्याउको क्षेत्र विस्तार गरी यन्त्रमैत्री गह्रासुधार, थोपा सिँचाइ तथा घेराबारमा परियोजनाबाट सहयोग गरी थप नौ हेक्टर क्षेत्रफलमा गुठीचौरमा उच्च घनत्वको स्याउ बगैँचा स्थापना भएको शाहीको भनाइ छ । जुम्लामा ५२ हेक्टर क्षेत्रफलमा उच्च घनत्व जातको फुजी स्याउखेती हुने गरेको छ । यहाँका आठवटै स्थानीय तहमा चक्लाबन्दीमा आधारित खेतीमार्फत यहाँका किसानको उत्पादन वृद्धिका लागि सहयोग गर्दै आएको परियोजनाले जनाएको छ । ३८ हजार ४८६ हेक्टर खेतीयोग्य जमिन यहाँका आठवटा स्थानीय तहमा दुई लाख ५३ हजार एक सय हेक्टरको कूल क्षेत्रफलमध्ये ३८ हजार चार सय ८६ हेक्टर खेतीयोग्य जमिनको क्षेत्रफल रहेको छ । उक्त हेक्टरमध्ये हाल २६ हजार ४३५ हेक्टर क्षेत्रफलमा खेती गरिएको शाहीले जानकारी दिए । सिञ्चित क्षेत्रफल तीन हजार ६५० हेक्टर जमिन छ । असिञ्चित पाखो २२ हजार ७८५ हेक्टर छ ।

एक लाख चार हजार ५७० हेक्टर क्षेत्रफलमा वनजङ्गलले ढाकेको उनले बताए । यहाँको चरन क्षेत्रले ढाकेको ६६ हजार ११० हेक्टर क्षेत्रफल र ताल, खोला चट्टान अन्य क्षेत्रले ढाकेको क्षेत्रफल ४३ हजार ८३४ हेक्टर रहेको छ । ***-रासस***

# पाल्पामा निजामती सेवा दिवसको अवसरमा रक्तदान




**पाल्पा,** भदौ २२/ २१ औं निजामती सेवा दिवसको अवसरमा पाल्पामा रक्तदान कार्यक्रम गरिएको छ । शनिबार कर्मचारी मिलन केन्द्रको आयोजना, नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखा र लुम्बिनी मेडिकल कलेज प्रभासको सहकार्य र प्राविधिक सहयोगमा सदरमुकाम तानसेनमा रक्तदान कार्यक्रम गरिएको हो ।

कार्यक्रममा १६ जनाले रक्तदान गरेका छन् । ‘रक्तदान नै जीवनदान हो’ भन्ने नारालाई आत्मसाथ गर्दै दिवसको अवसरमा रक्तदानलाई प्राथमिकतामा राखेर कार्यक्रम गरिएको केन्द्रले जनाएको छ । जिल्लाका अस्पलातहरुमा रगत अभावका कारण बिरामीहरुले सास्ती भोगीरहेको अवस्थामा रगत सहजताका लागि रक्तदान कार्यक्रम महत्वपूर्ण हुने लागेर यो कार्यक्रम आयोजना गरिएको केन्द्रका संरक्षक एवं प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले बताए । उनले केन्द्रले जस्तै अन्य संघ संस्था र व्यक्तिहरुले पनि नियमित रुपमा रक्तदान गर्ने हो भने रगत अभावमा जीवन र मृत्युको दोसाधमा कोही पनि विरामी छट्पटाउनुपर्ने अवस्था नआउने उल्लेख गरे । कार्यक्रममा सहभागी जिल्ला न्यायधिश दलबहादुर केसी, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेन्द्र चन्द, नेपाल रेडक्रस सोसाइटी पाल्पाका कार्यालय प्रमुख विनोद भारती लगायतले कर्मचारी मिलन केन्द्रले दिवसका दिन रक्तदान गर्ने जस्तो पवित्र काम गरेकोमा खुसी व्यक्त गर्दै अन्य संघसंस्थाहरुले समेत यस्ता कार्यको सिको गर्नुपर्नेमा जोड दिएका थिए । दिवसको अवसरमा केन्द्रले रक्तदान कार्यक्रमसँगै अन्य रचनात्मक कार्य समेत गरेको जनाएको छ । केन्द्रकी कार्यवाहक अध्यक्ष रमा श्रेष्ठका अनुसार रक्तदानसँगै ब्याडमिन्टन प्रतियोगीता र सिविआर पाल्पामा रहेका फरक क्षमता भएकाहरुलाई खाद्यान्न वितरण समेत गरिएको हो । कार्यवाहक अध्यक्ष श्रेष्ठको अध्यक्षता,सचिव जयदिप पन्थीको सञ्चालनमा औपचारिक कार्यक्रम भएको थियो । दिवसका दिन पाल्पासहित देशभर विविध कार्यक्रम गरी मनाइएको छ । तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्य नेतृत्वको सरकारले २०१३ साल भदौ २२ गते निजामती ऐन ल्याएको सम्झनामा २०६१ सालदेखि यो दिवस मनाउन थालिएको हो । प्रत्येक वर्ष भदौ २२ गते यो दिवस मनाउने गरिन्छ ।

दिवसका अवसरमा उत्कृष्ट निजामती कर्मचारीहरुलाई पुरस्कृत गर्ने, पूर्व कर्मचारी अर्थात सेवानिवृतहरुलाई सम्मान गर्ने, विभिन्न निजामती कर्मचारीलाई उत्साहित र प्रेरित गर्ने कार्यक्रमहरु समेत आयोजना हुने गर्दछन् । निजामती सेवाको आदर्श र अस्तित्व राज्यसँग प्रत्यक्ष जोडिएको हुन्छ । राज्यले आृना नागरिकलाई आृनो उपस्थिती र न्यायमा आधारित प्रशासनको सेवा प्रदान गर्न निजामती कर्मचारीहरुको भूमिका अतुलनिय रहन्छ ।

# आज विश्व फिजियोथेरापी दिवस



**पाल्पा,** भदौ २२/आज सेप्टेम्बर ८ तारिक, विश्वभर विभिन्न कार्यक्रम गरी नेपालसहित विश्व फिजियोथेरापी दिवस मनाइँदै छ । विश्वभरका फिजियोथेरापीस्टहरुले विश्व फिजियोथेरापी दिवसका रुपमा मनाउने गर्दछन् । प्रत्येक वर्ष झैं यस वर्ष पनि यो दिवस मनाउन लागिएको छ । नेपालमा पनि सन् २००० देखि यो दिवस मनाउन थालिएको हो ।

फिजियोथेरापी भनेको एक उपचार पद्धति हो जसले उचित शारीरिक क्षमता मूल्यांकन गरी मानिसको जीवनस्तर (क्वालिटी अफ लाइफ) उकास्नका लागि मद्दत गर्दछ । यसले विभिन्न रोग लाग्नबाट रोकथाम गुर्नका साथै रोग लागिसकेकालाई त्यस समस्याबाट बाहिर निस्कन मद्दत गर्छ । विभिन्न रोगका कारण शारीरिक र मानसिक कमजोरी भई दैनिक क्रियाकलाप गर्न कठिन छ, त्यस्ता व्यक्तिहरुलाई पुर्नस्थापना गरी दैनिकीलाई सहज र सक्षम बनाउन यसले मद्दत गर्दछ । हाडजोर्नी, नशा लगायतका रोग भएका मानिसलाई यो उपचार प्रभावकारी मानिन्छ ।

कतिपयलाई औषधिले काम नगरेको खण्डमा समेत फिजियोथेरापीद्धारा उपचार गर्ने गरिन्छ । विभिन्न चोट पटकका कारणले भएको भौतिक पीडा लगायत मांशपेशीको पीडा कम गर्न फिजियोथेरापिस्टहरु विभिन्न व्यायाम तथा उपचार गर्न सुझाव दिन्छन् । मांशपेशी च्यातिएको (लिगामेन्ट टियर), कमजोर मांशपेशी, स्वास प्रश्वास सम्बन्धी समस्या, घाँटी तथा जीउको दुखाई कम गर्न पनि फिजियोथेरापी उपयुक्त मानिन्छ । आजको दिनसम्म आइपुग्दा जनमानसमा फिजियोथेरापीको उपचार पद्धतिका बारेमा त्यति राम्रो ज्ञान भएको पाइँदैन । साधारण मानिसमात्र नभई कतिपय स्वास्थ्यकर्मीहरुलाई पनि फिजियोथेरापीको बारेमा पूर्ण ज्ञान भएको पाइँदैन । फिजियोथेरापी ढाड, कम्मर, घुँडा दुखेका, मुख बांगिएका, प्यालाइसिस भएका व्यक्ति र छातीमा खकार जमेका व्यक्तिमात्र नभई हरेक व्यक्तिलाई आवश्यक हुनसक्छ । चाहे त्यो व्यक्ति बच्चा, वृद्ध, गर्भवती वा सुत्केरी महिला वा शल्यक्रिया गर्नुअघि र पछिका बिरामी नै किन नहोस् । यस्तै आईसीयूमा भर्ना भएका बिरामी वा सामान्य उपचार गराइरहेका बिरामीलाई पनि फिजियोथेरापी आवश्यक हुनसक्छ ।

## खेलकुद समाचार

### एन्फा महिला फुटबल लिगमा एपीएफले आर्मीलाई हरायो



**काठमाण्डौं**, भदौ २२/एन्फा महिला लिग फुटबलअन्तर्गत शनिबारको खेलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले त्रिभुवन आर्मी क्लबलाई हराएको छ । एन्फा कम्प्लेक्स सातदोबाटोमा भएको खेलमा एपीएफले आर्मीलाई २-१ गोलले हराएको हो ।

एपीएफको लागि सविता रानामगर र गीता रानाले एक/एक गोल गरे । आर्मीकी बिमला चौधरीले एक गोल फर्काइन् । अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा भइरहेको लिगमा तीन विभागीय टोली, ‘ए’, ‘बी’ र ‘सी’ डिभिजनका दुई क्लब, दुई नगरपालिका र तीन वटा प्रदेश गरी १० टोली सहभागि छन् ।

## आज ऋषि...

...जसलाई ॠषि पञ्चमीको पूजा लगाउने भनिन्छ । सप्त ॠषिको पूजा गर्ने पञ्चमी भएकैले आजको पञ्चमीलाई ॠषि पञ्चमी भन्ने गरिएको हो । महिलाको रजस्वलासित जोडिएको ॠषि पञ्चमीका विषयमा एउटा किम्बदन्ती पनि प्रचलित छ । प्राचीन समयमा इन्द्रले विश्वरुपको शिरलाई तीन टुक्रा पारी हत्या गरेको कारण ब्रह्म हत्याको पाप भोग्नुपर्यो । यस हत्याबाट पिरोलिएका इन्द्रले आफ्नो दुःख बह्मालाई सुनाए । इन्द्रको ब्रह्म हत्या निवारणका लागि ब्रह्माले एक वर्षसम्मको दोष इन्द्रलाई भोग गराई बाँकी दोष पृथ्वी, वृक्ष, जल र स्त्रीमा चार भाग लगाई चारैतिर फयाँकिदिए । यसैकारण उब्जनी नहुने उषरभूमि, वृक्षबाट निस्कने खोटो, पानीमा निस्कने बुदबुद फेन अर्थात् फिँज र स्त्रीमा रज देखिन थालेको धार्मिक विश्वास छ । रजस्वला भएका बेलामा अरुलाई छोइछाई गर्दा महिलाको शरीरबाट निस्कने विकृत रजका कीटाणुले नराम्रा रोग निम्त्याउने र त्यसले गर्दा महिलालाई नै पाप लाग्ने भएकाले छुन नहुने र जानी नजानी छोइछाई भएमा आजको दिनमा अरुन्धतीसहित सप्त ॠषिको पूजा गर्नाले त्यस पापबाट मुक्त भइने धार्मिक विश्वास रहेको हो । आज स्नानगरी पूजा आजा गरेपछि नरोपी उम्रेका अन्न सामा, कागुनो, कन्दमूल र कर्कला आदि खाई एक छाक हविष्य बस्नुपर्ने व्रतविधि छ ।

## अर्थ/कर्पोरेट समाचार

# ग्लोबल आइएमई बैंकले ल्यायो नयाँ योजना

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

**पाल्पा,** भदौ २२/ग्लोबल आइएमई बैंकले नयाँ योजना ल्याएको छ । बैंकले आफ्ना ग्राहकहरुको सेवालाई मध्यनजर गर्दै नयाँ योजना ल्याएको हो ।

नयाँ खाता खोल्दा पाँच वटा थप सुविधा उपलब्ध हुने छ । यो योजनाअन्तर्गत बैंकमा खाता खोल्दा आकर्षक ब्याजदर तथा अन्य नियमित सुविधा सँगसँगै डिम्याट खाता, मेरोसेयर, सी(आस्वा, तथा टिएमएस खाता खोल्न आवेदन दिन पाइने छ । ग्लोबल आइएमई क्यापिटलमा धितोपत्रको कारोबारका लागि आवश्यक पर्ने डिम्याट खाता र सोको सञ्चालनका लागि मेरोसेयर,आईपीओ भर्न चाहिने सी(आस्वा रजिष्ट्रेशन नम्बर र जेबिएनएल सेक्यरिटीजमा सेयर खरिद तथा बिक्रीका लागि आवश्यक पर्ने टिएमएस खाता सुविधा ग्राहकले पाउने छन् । यो सुविधा बैंकले हालै सार्वजनिक गरेको डिजिटल युनिभर्समा पनि उपलब्ध छ । डिजिटल युनिभर्सको माध्यमबाट घरमै बसी आवश्यकता अनुसार यो सुविधा प्रयोग गर्न सकिने बैंकले जनाएको छ । यी सेवा बैकका ३ सय ५४ वटा शाखा कार्यालयबाट उपलब्ध हुनेछ । बैंकमा नयाँ खाता खोलेर वा आफ्नो भइरेको खातालाई यस योजनामा परिमार्जन गरेर र निष्क्रिय भएको खातालाई सक्रिय गराएर पनि यस योजनामा सामेल हुन सकिनेछ । बैंकले ७७ जिल्लामा २ सय ८९ शाखा, २ सय ६२ एटिएम, २ सय ७५ शाखा रहित बैंकिङ्क सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८ सय ७५ भन्दा बढि सेवा केन्द्रबाट २८ लाखभन्दा बढी ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई